Email :neelakanthamun@gmail.com

# नीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धादिङ्बेसी,धादिङ
बागमती प्रदेश, नेपाल

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

### आर्थिक बर्ष २०७८/०७९ को लागि नदीजन्य पदार्थको उत्खनन्, घाटगद्दी तथा बिक्री वितरणका लागि लिइने दहत्तर बहत्तर शुल्क असुली गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८।०८।२८

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ घ (१), घ(२) र घ (६)मा भएको व्यवस्था, बागमती प्रदेश आर्थिक ऐन, २०७८ को दफा ९ (१) र सो संग सम्बन्धित अनुसुचि ६ मा भएको व्यवस्था एवम नीलकण्ठ नगरपालिकाको आर्थिक ऐन, २०७८ अनुसार नीलकण्ठ नगरपालिकाको आ.व. २०७८/०७९ को ठेक्का बन्दोबस्त भएको मिति देखी २०७९ जेष्ठ मसान्त सम्म आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) गर्नु पर्ने भएकोले नगर कार्यापालिकाबाट तोकिएको दररेटमा ढुगा, गिट्टि, वालुवा, माटो, स्लेट, ग्रवेल, चिप्स र रोडामा ढुगा, गिट्टि, वालुवा, दहत्तर दहत्तर शुल्क संकलनको ठेक्का लिन ईच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट निम्न लिखित शर्तको अधिनमा रही आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष २०७७/०७८ को कर चुक्ता प्रमाणित प्रतिलिपीहरु, कारवाहीको वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामा (Letter of Attorney) सहित रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

शर्तहरु :-

१. बोलपत्र फारम सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र खरिद गर्न सकिने छ भने बोलपत्र पेश गर्ने अवधि बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजे भित्र रहनेछ। दर्ता हुन आएको बोलपत्र ३१औं दिनमा दिनको २:०० बजे नीलकण्ठ नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्र फारमहरु खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ। बोलपत्र खरिद तथा दर्ता गर्न प्रोपाइटर/व्यक्ति स्वयंम उपस्थित हुनुपर्नेछ। उक्त कार्य गर्न आफै उपस्थित हुन नसक्ने भएमा आधिकारिक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सकिनेछ।

२. बोलपत्र फारम साथ धरौटी वापत कबोल अंकको (मू.अ.कर बाहेक) ५ (पाच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैक धादिङबेशी शाखामा रहेको धरौटी खाता नं. १०३०१००३०३००००००६ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत (बिड बोन्ड) पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्र दाताले प्रत्येक पानामा सहीछाप गरेर शिलबन्दी गरी खामको बाहिर पट्टि ठेक्काको नाम, ठेकेदारको नाम, ठेगाना, काम विवरण, ठेक्का विवरण, सम्पर्क नम्बर र नीलकण्ठ नगरपालिकाको कार्यालय, नीलकण्ठ भनी प्रस्ट बुझ्ने गरी लेख्नु पर्नेछ। बोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी प्रस्टसंग लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ।

४. बोलपत्र दिंदा कुनै प्रकारको शर्त मान्य हुने छैन। यस कार्यालयको छाप सहित प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिईने छैन।

५. यस नगरका नदी तथा नदीहरुको उत्खननक्षेत्र र उत्खनन् परिमाण सन्दर्भमा नदीजन्य सामाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवम् नेपाल सरकारबाट जारी भएका निर्देशनहरु नीलकण्ठ नगरपालिकाको ढुंगा, गिट्टी, बालुवा उत्खननसंकलन सम्बन्धि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछ।

६. ठेक्का अवधि २०७९ जेष्ठ मसान्तसम्म रहनेछ। ठेकेदारले कबोल गरेको सम्पूर्ण रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा नियमानुसार छुट दिइनेछ। साथै स्वीकृत रकम मध्ये प्रथम किस्ता वापत ५०% बुझाइ सम्झौता गर्नु पर्नेछ र बाकी अवधिको लागि दोस्रो किस्ताको रकम वापत यस कार्यालयको नाममा २०७९ साल श्रावण मसान्त सम्मको बैंक ग्यारेन्टी (पर्फमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। दोस्रो किस्ता २०७८ चैत्र मसान्त भित्र बुझाइ सक्नु पर्नेछ।

७. ठेक्का अवधीको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु ठेकेदार स्वयम्ले बेहोर्नु पर्नेछ र ठेक्का रकमबाट घटाउन पाईने छैन।

८. बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसंग सम्झौता गरिसक्नु पर्नेछ। तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ।

९. ठेकेदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन ।

१०. ढुगा, बालुवा, गिट्टी र ग्राभेल उत्खनन्गर्दा पुल, कलभर्ट, कजवे, सडक बाटो, तथा सार्वजनिक निर्माण स्थलको दाायाा बा"या ५०० मिटरभित्र, बन क्षेत्र र कुनै व्यक्तिको घर, जग्गा, कुलो, बााध, सार्वजनिक स्थल आदिबाट निकाल्न पाईने छैन ।

११. म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१२. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१४. सूचना सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेवसाइट www.neelakanthamun.gov.np मा समेत हेर्न सकिनेछ । यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

| आय ठेक्का नं. | ठेक्काको विवरण | परिमाण | दररेट | न्यूनतम | बोलपत्र फाराम | धरौटी |
|---|---|---|---|---|---|---|
| राजश्व ३/२०७८ /०७९ | नीलकण्ठ नगरपालिकाले प्रारम्भिक वातावरणीय परिक्षण गरेको आँखु खोलाका तोकिएका स्थानहरुमा संकलन भई निकासी हुने ढुङ्गा, गिट्टि, वालुवा, माटो, स्लेट, ग्रावेल, चिप्स र रोडा लगायतमा ढुङ्गा, गिट्टि, वालुवा दहत्तर वहत्तर शुल्क संकलन गर्ने । | १३२३१९५ घन फिट | आ.व.२०७८/०७९ को लागि निर्धारित ढुङ्गा, गिट्टि, वालुवा, ग्राभेल र रोडा प्रति घन फिट रु.९।- (नौ), स्लेट प्रति वर्ग फिट रु ९।- (नौ), माटो निकासीको हकमा प्रति घन फिट २।५० (दूई रुपैया पचास पैसा) तथा दहत्तर वहत्तरमा विक्रि मुल्यको १० प्रतिशत मात्र | ११९०८८००।- | ३,०००।- ( तीन हजार) | कबोल अंकको ५ ( पाँच प्रतिशत) |
| राजश्व ४/२०७ ८ /०७९ | नीलकण्ठ नगरपालिकाले प्रारम्भिक वातावरणीय परिक्षण गरेको थोपल खोलाका तोकिएका स्थानहरुमा संकलन भई निकासी हुने ढुङ्गा, गिट्टि, वालुवा, माटो, स्लेट, ग्रावेल, चिप्स र रोडा लगायतमा ढुङ्गा, गिट्टि, वालुवा दहत्तर वहत्तर शुल्क संकलन गर्ने । | ४२९५८२ घन फिट | आ.व.२०७८/०७९ को लागि निर्धारित ढुङ्गा, गिट्टि, वालुवा, ग्राभेल र रोडा प्रति घन फिट रु.९।- (नौ), स्लेट प्रति वर्ग फिट रु ९।- (नौ), माटो निकासीको हकमा प्रति घन फिट २।५० (दूई रुपैया पचास पैसा) तथा दहत्तर वहत्तरमा विक्रि मुल्यको १० प्रतिशत मात्र | ३८६६३००।- | ३,०००।- ( तीन हजार) | कबोल अंकको ५ ( पाँच प्रतिशत) |